नेपाल सरकार

# स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

# स्वास्थ्य सेवा विभाग

टेकु, काठ्माडौं

## आकस्मिक बाढीको प्रतिकार्यका प्रमुख गतिविधिहरूको प्रतिवेदन

प्रतिवेदन अवधिः २५ भाद्र २०८३

प्रतिवेदन नं : १३

### व्यवस्थापन महाशाखा

- व्यवस्थापन महाशाखाबाट विपद् प्रभावित क्षेत्रमा स्वास्थ्य सेवा सञ्चालनका लागि आवश्यक औषधि तथा स्वास्थ्य सामग्रीको मौज्दात व्यवस्थापन, प्राप्ति तथा मागअनुसार विभिन्न स्वास्थ्य संस्था/स्वास्थ्य शिविरमा वितरण तथा आपूर्ति गरिएको। विस्तृत विवरण उपलब्ध रहेको

| विषय | मुख्य विवरण |
|---|---|
| प्राप्त सामग्री | **Mercy Malaysia** बाट विभिन्न २८ प्रकारका औषधि तथा स्वास्थ्य सामग्री गरी २३,९६६ इकाइ प्राप्त |
| प्रमुख प्राप्त सामग्री | Amlodipine, Metformin, Losartan, Atorvastatin, Hydrochlorothiazide, Sodium Valproate लगायतका NCD तथा मानसिक स्वास्थ्यसम्बन्धी औषधि |
| वितरण गरिएको सामग्री | विभिन्न स्वास्थ्य शिविर तथा स्वास्थ्य संस्थाका लागि कुल ४५,४३१ इकाइ औषधि तथा स्वास्थ्य सामग्री पठाइएको |
| मुख्य प्राप्तकर्ता | नेपाल एपीएफ अस्पतालः २४,५२४ इकाइ र नेपाल पेडियाट्रिक सोसाइटी (**NEPAS**), नुवाकोट स्वास्थ्य शिविरः २०,९०७ इकाइ |
| हालको मौज्दात | २०८३/०५/२४ साँझ ५ बजेसम्म स्वास्थ्य सेवा विभागमा ३१३ प्रकारका औषधि तथा स्वास्थ्य सामग्री मौज्दातमा रहेका छन्; अभिलेखित कुल मौज्दात १६,४०,१९० इकाइ |

## इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा

- प्रभावित क्षेत्रमा SORMAS मार्फत ज्वरो तथा झाडापखालाजन्य केसहरूको नियमित अनुगमन जारी, विस्तृत विवरण अनुसूचीमा समावेश गरिएको
- गत २४ घण्टामा कुल २७ वटा केस रिपोर्ट भएका छन्:
    - १० वटा Fever
    - १५ वटा Fever with Cough
    - १ वटा Fever with Rash
    - १ वटा Acute Gastroenteritis (AGE)
    - जनावरको टोकाइको केस रिपोर्ट नभएको

- सम्भावित इन्फ्लुएन्जा संक्रमणको पहिचान तथा निगरानीका लागि होल्डिङ सेन्टर र समुदायस्तरमा RDT परीक्षण गर्ने तयारी गरिएको छ।
- सम्बन्धित स्थानीय तहबाट ज्वरो तथा झाडापखालाजन्य केसहरूको उचित व्यवस्थापन भइरहेको।
- नोटः जनस्वास्थ्य सम्बन्धि उपायहरु अपनाइनुका साथै थप अनुसनधान थथा अनुगमन कार्य भइरहेको।

## बाढीबाट प्रभावित क्षेत्रमा परिचालित टोलीद्वारा सम्पन्न कार्य विवरण





*रसुवा जिल्लामा बाढी तथा पहिरोका कारण **खानेपानी, सरसफाइ तथा स्वच्छताको अवस्था प्रभावित भई हैजा तथा अन्य पानीजन्य रोगको जोखिम बढेको अवस्थामा,** सम्भावित हैजा प्रकोपको रोकथाम तथा नियन्त्रणका लागि जोखिममा रहेका जनसंख्यालाई लक्षित गरी **ओरल OCV अभियान आजदेखि रसुवा स्वास्थ्य चौकीबाट** सुरु गरिएको।*


## मनोसामाजिक परामर्श

- नुवाकोट,रसुवा,काठमाडौं,धादिङ्ग होल्डीङ्ग केन्द्र, अस्पताल तथा प्रभावित समुदायहरूमा MHPSS तथा PFA सेवा निरन्तर रुपमा सञ्चालनमा रहेको छ।
- नसर्ने रोग रोकथाम सम्बन्धी सेवाहरूको समन्वयका लागि बहुसरोकारवाला समन्वय गरि आगामी कार्यहरुलाई योजना निर्माण क्रममा रहेको छ।
- बालबालिका, किशोरकिशोरी तथा प्रभावित परिवारलाई लक्षित गरी समूह परामर्श तथा उपचारात्मक मनोसामाजिक गतिविधि सञ्चालन भइरहेको छ।
- मानसिक स्वास्थ्यसम्बन्धी ।EC सामग्री वितरण तथा विशेषज्ञ सेवाका लागि रेफरल प्रणाली सुदृढीकरण भइरहेको छ।
- मनोचिकित्सक तथा क्लिनिकल मनोविद्सहितको विशेषज्ञ टोलीद्वारा मानसिक स्वास्थ्य सेवा आवश्यकताको पहिचान, मूल्याङ्कन तथा आवश्यक सहायता प्रदान भइरहेको छ।
- मानसिक स्वास्थ्य हेल्पलाइन तथा अनलाइन रिपोर्टिङ प्रणाली मार्फत सेवा, अनुगमन तथा समन्वयलाई निरन्तरता दिइएको छ।


१. मनोसामाजिक परामर्श








२. मनोचिकित्सक सहितको मानसिक स्वास्थ्य टोलि परिचालनः






## परिवार कल्याण महाशाखा

- नुवाकोट,रसुवा र धादिङ जिल्लाका प्रभावित पालिकाका सम्पूर्ण birthing center, BEmONC and CEmONC Site हरुको assessment गर्न टोलि परिचालन गरिएको छ ।
- Assessment गरिएका स्वास्थ्य संस्थाहरुको विवरण
  - थानापती हे.पो मिति २०८३/०५/२४
  - नुवाकोट हे.पो २०८३/०५/२५
  - धादिंग अस्पताल २०८३/०५/२५
- अनुगमनका क्रममा नुवाकोट जिल्लाका
  - जिल्ला आयुर्बेद स्वास्थ्य केन्द्रमा रहेको Holding Center बिदुर -५
  - हिमालयन Academy बिदुर -२
  - कवढल बिदुर -२
  - चन्द्रज्योति स्कुल बिदुर -५
  - सामुदायिक बहूउदेश्य भवन बिदुर -२
- Holding Center मा रहेका गर्भवती, सुत्केरी महिला, बालबालिका र आबश्यक सेवाहरुको Assessment गर्ने कार्य सम्पन्न





- **पोषण प्रतिकार्यः** UNICEF, Plan International Nepal, World Vision International Nepal तथा Action Against Hunger लगायतका संस्थाहरूको टोली बाढी प्रभावित ५ जिल्लामा पोषण प्रतिकार्यका लागि परिचालित रहेको र थप साझेदारहरू यसै साताको अन्त्यसम्म परिचालन हुने।
- **पोषण सामग्री सहयोगः** पोषण क्षेत्रमा कार्यरत साझेदार संस्थाहरूबाट RUTF, RUSF, Iron–Folic Acid तथा anthropometric उपकरणहरू थप उपलब्ध गराइने।
- **पोषण स्क्रिनिङः** ७ सेप्टेम्बरको Nutrition Cluster बैठकको निर्णयअनुसार होल्डिङ सेन्टरहरूमा पोषण स्क्रिनिङ निरन्तर सञ्चालन भइरहेको। Yellow Gumba, काठमाडौंः ५ वर्षमुनिका बालबालिकाको पोषण स्क्रिनिङ गर्दा कुपोषित बालबालिका फेला नपरेको।
- **स्वास्थ्यकर्मी अभिमुखीकरणः** बिदुर नगरपालिकामा स्वास्थ्यकर्मी तथा विद्यालय स्वास्थ्य नर्सहरूका लागि पोषण स्क्रिनिङसम्बन्धी एकदिने अभिमुखीकरण सम्पन्न गरिएको।




- बिदुर नगरपालिका: प्रभावित होल्डिङ सेन्टरहरूमा पोषण स्क्रिनिङ जारी रहेको।
- RUTF हस्तान्तरण: पोषण प्रतिकार्यका लागि RUTF जिल्ला स्वास्थ्य कार्यालयहरूमा हस्तान्तरण गरिएको।

## खोप तथा खोपद्वारा रोकथाम गर्न सकिने रोग )VPD) निगरानी अद्यावधिक:

- बाढी तथा पहिरोका कारण सुरक्षित खानेपानी, सरसफाइ तथा स्वच्छतामा चुनौती बढ्दै गई **हैजा तथा अन्य पानीजन्य रोगको जोखिम बढेकाले** रसुवा जिल्लामा हैजा विरुद्धको **मुखबाट दिइने खोप (Oral Cholera Vaccine–OCV) अभियान सुरु गरिएको।** अभियानको सुरुवात जिल्ला जनस्वास्थ्य कार्यालय, रसुवाका प्रमुख **श्री निरध्वज घर्ती मगरलाई OCV खोप प्रदान गरी** गरिएको।

- खोपसँगै **सुरक्षित खानेपानीको प्रयोग, साबुनपानीले** हात धुने तथा **व्यक्तिगत र वातावरणीय सरसफाइमा** विशेष ध्यान दिनुपर्नेमा जोड दिइएको।

- नुवाकोटका बाढी प्रभावित क्षेत्रमा **हैजा विरुद्धको मुखबाट दिइने खोप (OCV) अभियान भोलिदेखि सञ्चालन हुने।**



- **हैजा विरुद्धको OCV अभियान सञ्चालनका लागि International Coordinating Group (ICG) लाई १ लाख ९८ हजार डोज OCV खोपका लागि अनुरोध पठाइएको।**

## नर्सिङ्ग तथा सामाजिक सुरक्षा महाशाखा

- बाढी प्रभावित क्षेत्रमा कार्यरत विद्यालय नर्सहरुको लागि मानसिक स्वास्थ्य प्रवर्धन सम्बन्धि क्षमता अभिवृद्दि कार्यक्रम संचालनका लागि तयारी भएको

## अनुसुची

**SORMAS को Daily Surveillance Report Module मा पछिल्लो २४ घण्टामा प्रतिवेदन भएका संक्रामक रोग भएका होल्डिङ सेन्टरहरु**

### Cases reported by each shelter, by date

Every holding centre that reported at least one case in the period. Grey cells (—) = no report received; a shaded 0 is a reported zero

| | 09 Sep |
|---|---|
| Health Post, Bidur-2, Nuwakot Durbar Area | 7 |
| Sundari Kyaurini Secondary School | 4 |
| Bhimsensthan Secondary School | 3 |
| Chandrajyoti Secondary School | 3 |
| Trishuli Basic School. | 3 |
| Colony Covered Hall / Bhairum Secondary School | 2 |
| Sulakshana Secondary School | 2 |
| United Primary School | 1 |
| Samudiyek Bhawan Akarey | 1 |
| Star Boarding Colony | 1 |